# बाँच्ने उपाय
# बाइबल पाठ्यक्रम अध्ययन पुस्तिका

यस पुस्तिकालाई ध्यानपूर्वक अध्ययन गरी आफ्नो जवाफ उत्तर-पुस्तिकामा लेखीसकेपछि हाम्रो ईमेल वा हुलाक ठेगानामा पुनः प्रेशित गर्नुहोला ।

**(सबै मानिसहरूका लागि परमेश्वरको खुशीको समाचार)**

## संसार बनाइएको

१. आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो (उत्पत्ती १:१) ।

२. सबै कुराहरू परमेश्वरद्वारा हुन आए, अनि हुन आएका कुराहरूमध्ये कुनै पनि उहाँ बिना हुनआएन (यूहन्ना १:३) ।

३. यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो । परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो । नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो (उत्पत्ती १:२७) ।

४. परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो, र मानिस जीवित प्राणी भए ( उत्पत्ती २:७) ।

५. परमेश्वरले पूर्वतिर अदनमा एउटा बगैंचा लगाउनुभयो, र उहाँले बनाउनुभएको मानिसलाई त्यहीं राख्नुभयो । परमप्रभु परमेश्वरले मानिसलाई लगेर अदनको बगैंचामा त्यसको गोड़गाड़ र हेरचाहा गर्न राख्नुभयो । अनि उहाँले मानिसलाई यो आज्ञा दिनुभयो, “बगैंचाका सबै रूखका फल तैंले सङ्कोच नमानी खाए हुन्छ, तर असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ नखानू किनभने जुन दिन तैंले त्यो खान्छन् तँ निश्चय नै मर्नेछस्” (उत्पत्ती २:८-१७) ।



६. परमप्रभु परमेश्वरले बनाउनुभएका वन्य पशुहरूमध्ये सर्प सबभन्दा धूर्त थियो । त्यसले स्त्रीलाई भन्यो, “के परमेश्वरले तिमीहरूलाई बगैंचाको कुनै पनि रूखको फल नखानू भनी भन्नुभएको छ ?” स्त्रीले सर्पलाई भनिन्, बगैंचाका रूखहरूका फल हामी खान सक्छौं, तर बगैंचाको बीचमा भएको रूखका फलको विषयमा परमेश्वरले भन्नुभएको छ, त्यो चाहिँ नखानू र नछुनू, नत्रता तिमीहरू मर्छौ । सर्पले स्त्रीलाई भन्यो, तिमीहरू मर्दैनौ । किनकि परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरू त्यो खान्छौ त्यही दिन तिमीहरूका आँखा खुल्नेछन्, र असल र खराबको ज्ञान पाएर तिमीहरू परमेश्वरजस्तै हुनेछौ । जब स्त्रीले त्यस रूखको फल खानलाई असल र हेर्नमा रहरलाग्दो, र बुद्धि पाउनलाई त्यस रूखको चाह गर्नुपर्ने रहेछ भनी देखिन्, तब तिनले त्यस रूखको फल टिपेर खाइन्, र आफ्ना पतिलाई पनि दिइन्, र उनले पनि खाए (उत्पत्ती ३:१-७) ।

७. अनि परमप्रभु परमेश्वरले स्त्रीलाई भन्नुभयो, तैंले यो के गरिस् । स्त्रीले भनिन्, सर्पले मलाई छल गऱ्यो, र मैले त्यो खाएँ । तब परमेश्वरले सर्पलाई भन्नुभयो, तैंले यसो गरेको हुनाले, तँ सबै पालिने पशुहरू र सबै वन-पशुहरूभन्दा ज्यादा श्रापित हुनेछस् । पेटद्वारा तँ हिँड्नेछस् र तेरो जीवनभरि तैंले माटो खानेछस् । तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु । त्यसले तेरो शिर कुच्च्याउनेछ, र तैंले त्यसको कुर्कुच्चो डस्नेछस् । स्त्रीलाई उहाँले भन्नुभयो, तेरो सुत्केरी-वेदना म ज्यादै गरी बढ़ाइदिनेछु । दुःखसँग तैंले बालक जन्माउनेछस् । तेरो इच्छा पतितर्फ नै हुनेछ, र त्यसले तँलाई अधीनमा राख्नेछ । त्यसपछि आदमलाई उहाँले भन्नुभयो, तैंले तेरी स्वास्नीको कुरा सुनेर मैले नखानू भनेको रूखको फल खाएको हुनाले, भूमि तेरो कारण श्रापित भएको छ । तेरो जीवनभरि दुःखसँग त्यसको उब्जनी तैंले खानेछस् । त्यसले तेरो निम्ति काँढ़ा र सिउँड़ीहरू उमार्नेछ, र तैंले खेतको सागपात खानेछस् । माटोमा नफर्कुनञ्जेल तेरो निधारको पसीनाले कमाएको भोजन तैंले खानेछस् । किनकि माटैबाट तँ निकालिएको थिइस् । तँ माटै होस् र माटैमा फर्किजानेछस् (उत्पत्ती ३:१३-१९) ।

८. त्यो पुरानो साँपको नाम शैतान हो; त्यसले सारा संसारलाई धोखा दिन्छ ( प्रकाश १२:९) ।
९. यसकारण जसरी एकजना मानिसद्वारा संसारमा पाप पस्यो, र पापद्वारा मृत्यु आयो, अनि त्यसरी नै मृत्यु सबै मानिसहरूमा फैलियो; किनकि सबैले पाप गरेका छन् (रोमी ५:१२) ।
१०. हामी सबै भेड़ाझैं बरालिएका छौं; हामी हरेक आफ्नै बाटोतिर लागेका छौं (यशैया ५३:६) ।
११. बुझ्ने कोही छ कि ? परमेश्वरलाई खोज्ने कोही छ कि ? सो हेर्न परमप्रभुले स्वर्गबाट मानिसका सन्तानहरूलाई हेर्नुभयो । तिनीहरू सबै एकातिर लागेका छन्; तिनीहरू सबै एकसाथ फोहोरी भएका छन्; असल गर्ने कोही छैन; अहँ, एउटै पनि छैन (भजनसंग्रह १४:२-३) ।
१२. जस्तो लेखिएको छ: धर्मी कोही छैन, एउटै पनि छैन; अनि शान्तिको बाटो तिनीहरूले जानेका छैनन् । तिनीहरूको आँखाको सामु परमेश्वरको डर छैन (यशैया ५९:८, भजनसंग्रह ३६:१) ।

## मानिसप्रति परमेश्वरको प्रेम

१३. किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एक मात्र  जन्माइएको पुत्रलाई दिनुभयो – उहाँमाथि विश्वास गर्ने कोही पनि नष्ट नहोस्, तर उसले अनन्त जीवन पाओस् (यूहन्ना ३:१६)।
१४. हामी उहाँद्वारा जिउन सकौं भनेर परमेश्वरले आफ्ना एक मात्र जन्माइएको पुत्रलाई संसारमा पठाउनुभयो – हामीतर्फ परमेश्वरको प्रेम यसैबाट प्रकट भयो । प्रेम यसैमा छ – हामीले परमेश्वरलाई प्रेम गऱ्यौं भनेर होईन, तर उहाँले हामीलाई प्रेम गर्नुभयो र आफ्ना पुत्रलाई हाम्रा पापहरूका निम्ति प्रायश्चित हुनलाई पठाउनुभयो (१यूहन्ना ४:९,१०) ।

## संसारमा परमेश्वरका छोरा आउनुभएको

१५. यो विश्वासयोग्य र हर प्रकारले ग्रहणयोग्य वचन हो – ख्रीष्ट येशू पापीहरूलाई मुक्ति दिनलाई संसारमा आउनुभयो (१तिमोथी १:१५) ।
१६. आफैलाई रित्तो पार्नुभयो र दासको रूप धारण गरेर मानिसहरूको समानतामा हुनुभयो (फिलिप्पी २:७) ।



१७. प्रभु येशू संसारमा हुनुहुन्थ्यो, अनि उहाँद्वारा संसार हुनआयो; तर संसारले उहाँलाई चिनेन (यूहन्ना १:१०) ।
१८. अनि स्वर्गदूतले तिनीहरूलाई भने: “नडराओ; किनभने हेर, म तिमीहरूलाई बड़ो आनन्दको शुभ समाचार सुनाउँछु, जो सबै मानिसहरूका निम्ति हुनेछ किनकि आज तिमीहरूका निम्ति दाऊदको शहरमा एकजना मुक्तिदाता जन्मिनुभएको छ, जो ‘ख्रीष्ट’ प्रभु हुनुहुन्छ” ( लूका २:१०,११) ।

## उहाँको जन्म

१९. अब येशू ख्रीष्टको जन्म यस प्रकारले भयो – उहाँकी आमा मरियमको मगनी यूसुफसँग भएपछि, उनीहरूसँगै बस्नुभन्दा पहिल्यै उनीचाहिँ पवित्र आत्मापट्टिबाट गर्भवती भएकी थिइन् । ... अब भविष्यवक्तद्वारा प्रभुले भन्नुभएको कुरा पूरा होओस् भनेर यो सब भएको थियो: हेर, कन्या गर्भवती हुनेछन् र एउटा पुत्र जन्माउनेछन्, अनि तिनीहरूले उहाँको नाम “इम्मानुएल” राख्नेछन् जसको अर्थ हो, ‘परमेश्वर हामीसित’ (मत्ती १:१८-२३) ।
२०. अनि उनले पुत्र जन्माउनेछन्, र तिमीले उहाँको नाम ‘येशू’ राख्नु किनभने उहाँले आफ्ना जनहरूलाई तिनीहरूका पापहरूबाट मुक्त गर्नुहुनेछ (मत्ती १:२१) ।

## संसारमा उहाँको जीवन

२१. नासरतका येशूलाई परमेश्वरले पवित्र आत्मा र शक्तिले अभिषेक गर्नुभयो; उहाँ भलाइ गर्दै र शैतानद्वारा सताइएका सबैलाई निको पार्दै चारैतिर घुम्नुभयो; किनकि परमेश्वर उहाँसँग हुनुहुन्थ्यो (प्रेरित १०:३८) ।
२२. अनि इस्राएल देशका सबै शहर र गाउँहरूतिर घुम्नुहुँदा प्रभु येशू तिनीहरूका सभा-घरहरूमा शिक्षा दिनुहुन्थ्यो, परमेश्वरको राज्यको सुसमाचार प्रचार गर्नुहुन्थ्यो, साथै मानिसहरूमा भएको हरेक रोग र हरेक शारीरिक दुर्बलता निको पार्नुहुन्थ्यो (मत्ती ९:३५) ।

२३. अनि ठूला-ठूला भीड़ आफूसित लङ्गड़ा, अन्धा, लाटा, कूँजा र अरू धेरैलाई लिएर येशूकहाँ आए, र तिनीहरूलाई उहाँका पाउमा राखिदिए; अनि उहाँले तिनीहरूलाई निको पार्नुभयो (मत्ती १५:३०) ।

## हाम्रा पापहरू काट्न उहाँ मर्नुभयो

२४. मानिसका पुत्र येशू पापी मानिसहरूका हातमा सुम्पिइनु, क्रूसमा टाँगिनु र तेस्रो दिनमा बौरेर उठ्नुपर्दछ (लूका २४:७) ।

२५. अनि जब तिनीहरू खेपड़ी भनिने ठाउँमा आइपुगे, तब तिनीहरूले उहाँलाई र अरू दुई कुकर्मीहरूलाई त्यहाँ क्रूसमा टाँगे - एउटालाई दाहिनेपट्टि, र अर्कोलाई देब्रेपट्टि । तब येशूले भन्नुभयो: 'हे पिता, तिनीहरूलाई क्षमा गर्नुहोस्; किनकि तिनीहरूले के गरिरहेका छन्, सो जान्दैनन्' (लूका २३:३३,३४) ।

२६. ऊ मानिसहरूबाट घृणित थियो र इन्कार गरियो, अफसोसमा परेको मानिस र कष्टसित परिचित । ऊ त्योजस्तो थियो, जसलाई देखेर मानिसहरू आफ्ना मुख फर्काउँछन् । ऊ घृणित थियो, र हामीले उसलाई केही मोलको गनेनौं । निश्चय नै उसले हाम्रा निर्बलताहरू बोक्यो, र हाम्रा दु:ख भोग्यो, तापनि हामीले उसलाई परमेश्‍वरबाट हिर्काइएको, उहाँबाट पिटिएको र दु:खमा परेको सम्झ्यौं । तर ऊ हाम्रा अपराधहरूका निम्ति छेड़ियो । हाम्रा अधर्मका निम्ति ऊ पेलियो । हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पर्‍यो, र उसको कोर्राको चोटले हामी निको भयौं (यशैया ५३:३-५) ।

हामी सबै भेड़ाझैं बरालिएका छौं । हामी हरेक आफ्नै बाटोतिर लागेका छौं, र परमप्रभुले उसमाथि हामी सबैको अधर्म हालिदिनुभयो छ । ऊ थिचोमिचोमा पर्‍यो, र उसलाई कष्ट पर्‍यो, तापनि उसले आफ्नो मुख खोलेन । मारिनलाई लगेको थुमाजस्तै ऊ डोर्‍याएर लगियो । आफ्नो ऊन कत्रनेको सामु भेड़ा मौन भएझैं उसले पनि आफ्नो मुख खोलेन । अत्याचार र इन्साफद्वारा ऊ लगियो । उसका सन्तानका बारेमा कसले विचार गर्न सक्छ ? किनकि ऊ जीवितहरूको देशबाट अलग गरियो, र मेरो प्रजाका अपराधको निम्ति उसमाथि कुटाइ पर्‍यो । उसको चिहान दुष्टहरूसित बनाइयो, र मृत्युमा धनीहरू उसको साथमा थिए, यद्यपि उसले केही उपद्रव गरेको थिएन नता उसको मुखमा केही छल थियो । तापनि उसलाई चकनाचूर र कष्टमा पार्न परमप्रभुलाई इच्छा थियो, र परमप्रभुले उसको प्राणलाई दोषबलिझैं बनाउनुभए तापनि, उसले आफ्ना छोराछोरीलाई देख्नेछ र आफ्ना दिन बढ़ाउनेछ र परमप्रभुको इच्छा उहाँकै हातमा उन्नत हुनेछ । उसका प्राणको वेदनापछि उसले जीवनको ज्योति देख्नेछ र सन्तुष्ट हुनेछ । आफ्नो ज्ञानद्वारा मेरो धर्मी दासले धेरैलाई धर्मी बनाउनेछ, र उसले तिनीहरूका अधर्म बोक्नेछ । यसैकारण महान्‌हरूसँगै उसलाई पनि म एक भाग दिनेछु, र उसले लूटको माल सामर्थीहरूसित बाँड्नेछ । किनभने उसले आफ्नो जीवन मृत्युमा खन्यायो, र ऊ आपराधीहरूको गन्तीमा गनियो । किनकि उसले धेरैको पाप बोक्यो र उसले अपराधीहरूका निम्ति मध्यस्थता गर्‍यो ।

२७. पवित्रशास्त्रअनुसार ख्रीष्ट हाम्रा पापहरूका निम्ति मर्नुभयो (१कोरन्थी १५:३ख) ।

२८. तब येशूले तिनीहरूलाई फेरि भन्नुभयो: साँचो-साँचो म तिमीहरूलाई भन्दछु: असल गोठालो म नै हुँ । असल गोठालाले भेड़ाहरूका निम्ति आफ्नो प्राण अर्पण गर्दछ । ... अनि मेरा अरू भेड़ाहरू छन्, जोचाहिँ यस गोठका होइनन्; तिनीहरूलाई पनि मैले ल्याउनुपर्छ, अनि तिनीहरूले मेरो सोर सुन्नेछन्; अनि एउटै बगाल र एउटै गोठालो हुनेछन् (यूहन्ना १०:७, ११, १६) ।

## उहाँ फेरि जिउनुभयो र स्वर्गमा फर्कनुभयो

२९. यसरी लेखिएको छ, ख्रीष्टले दु:ख भोग्नुपर्छ र तेस्रो दिनमा मरेकाहरूबाट बौरेर उठ्नुपर्छ । अनि यरूशलेमदेखि शुरू गरेर सबै जातिहरूका बीचमा उहाँको नाममा पश्‍चात्ताप र पापहरूको क्षमाको प्रचार गरिनुपर्छ (लूका २४:४६-४७) ।

३०. परमेश्‍वरले उहाँलाई तेस्रो दिनमा बौराएर उठाउनुभयो, र उहाँलाई खुल्लमखुल्ला प्रकट गर्नुभयो-सबै मानिसहरूकहाँ त होइन, तर परमेश्‍वरबाट पहिल्यै चुनिएका साक्षीहरूकहाँ मात्र (प्रेरित १०:४०,४१) ।

३१. येशूले दु:ख भोगिसक्नुभएपछि चालीस दिनसम्म चेलाहरूकहाँ देखा पर्नुभयो र परमेश्‍वरको राज्यको विषयमा कुराहरू बताउनुभयो; अनेकौं अचूक प्रमाणहरूद्वारा उहाँले आफूलाई तिनीहरूकहाँ जीवित देखाउनुभयो । ... अनि उहाँले यी कुराहरू भनिसक्नुभएपछि तिनीहरूले हेर्दा-हेर्दै उहाँ

उठाइनुभयो; र बादलले उहाँलाई तिनीहरूको दृष्टिबाट ढाकिदियो (प्रेरित १:३, ९) ।

३२. अनि यसमा विवाद छैनः भक्तिको रहस्य महान छ - परमेश्वर शरीरमा प्रकट हुनुभयो, आत्मामा धर्मी ठहरिनुभयो, स्वर्गदूतहरूद्वारा देखिनुभयो, अन्यजातिहरूकहाँ प्रचारिनुभयो, संसारमा विश्वास गरिनुभयो, महिमामा माथि लगिनुभयो (१तिमोथी ३:१६) ।

३३. तर अब ख्रीष्ट मरेकाहरूबाट बौराइनुभएको छ, र सुतिजानेहरूमध्ये पहिलो हुनुभएको छ । किनकि मानिसद्वारा मृत्यु आएको हुनाले मानिसद्वारा नै मरेकाहरूको बौरिउठाई पनि आयो । किनकि जसरी पहिलो मानिस, आदममा सबै मर्छन्, त्यसरी नै ख्रीष्टमा सबै जिउँदो पारिनेछन् (१कोरन्थी १५:२०-२२) ।

## परमेश्वरले मिलाउनुभएको बाँच्ने उपाय

३४. तिनले सोधेः हजुरहरूहो, मुक्ति पाउनालाई के गर्नुपर्छ ? अनि उनीहरूले जवाफ दिएः प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नुहोस्, र तपाईंले मुक्ति पाउनुहुनेछ - तपाईंले र तपाईको परिवारले (प्रेरित १६:२९-३१) ।

३५. यसकारण तपाईंहरूका पाप मेटिनका लागि पश्चात्ताप गर्नुहोस् र फर्कनुहोस् (प्रेरित ३:१९) ।

३६. पापहरूका क्षमाका निम्ति पश्चात्ताप गर्नुहोस् र तपाईहरू हरेकले येशू ख्रीष्टको नाममा बप्तिष्मा लिनुहोस्; अनि तपाईंहरूले पवित्र आत्माको दान पाउनुहुनेछ (प्रेरित ३:३८) ।

३७. हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौ भने हामीलाई हाम्रा पापहरू क्षमा गर्न र हामीलाई सबै अधर्मबाट शुद्ध पार्नाका निम्ति उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ (१यूहन्ना १:९) ।

३८. यदि तिमीले आफ्नो मुखले प्रभु येशूलाई स्वीकार गर्‍यौ भने, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो भनी आफ्नो हृदयमा विश्वास गर्‍यौ भने तिमीले मुक्ति पाउनेछौ; किनकि धर्मी ठहरिनका निम्ति हृदयले विश्वास गर्नुपर्छ, र मुक्ति पाउनका निम्ति मुखले स्वीकार गर्नुपर्छ (रोमी १०:९-१०) ।

३९. विश्वासद्वारा अनुग्रहले तिमीहरूले मुक्ति पाएका छौ; अनि यो तिमीहरू आफैबाटको होइन, यो परमेश्वरको दान हो (एफिसी २:८) ।



४०. प्रभु येशूले भन्नुभयोः जो मकहाँ आउँछ, उसलाई म कुनै रीतिले आफाल्नेछैनँ (यूहन्ना ६:३७) ।

४१. एकमात्र सत्य परमेश्वरलाई र उहाँले पठाउनुभएको येशू ख्रीष्टलाई चिन्नु नै अनन्त जीवन हो (यूहन्ना १७:३) ।

## उहाँको रगतले किनिएको

४२. तिमीहरूले चाँदी र सुनजस्ता नाश हुने चीजहरूद्वारा छुटकारा पाएका होइनौ; तर निर्दोष र निष्कलङ्क थुमाको रगत अर्थात् ख्रीष्टको बहुमूल्य रगतद्वारा छुटकारा पाएका हौ (१ पत्रुस १:१८-१९) ।

४३. तर अब ता ख्रीष्ट येशूमा तिमीहरू, जो बितेको समयमा टाढ़ा थियौ, ख्रीष्टको रगतद्वारा नजिक ल्याइएका छौ (एफिसी २:१३) ।

४४. परमेश्वरका पुत्र येशू ख्रीष्टको रगतले हामीलाई सब पापबाट शुद्ध पार्छ (१यूहन्ना १:७) ।

४५. किनकि सारा पूर्णताले येशूमा वास गरेकोमा परमेश्वर पिता प्रशन्न हुनुभयो, साथै प्रभु येशूले क्रूसमा बगाउनुभएको रगतद्वारा मेलमिलाप गरेर उहाँद्वारा नै सबै कुराहरू, चाहे पृथ्वीमा भएका कुराहरू होऊन् चाहे स्वर्गमा भएका कुराहरू, उहाँद्वारा नै आफूसँग मिलाप गराएको मा प्रशन्न हुनुभयो (कलस्सी १:१९-२०) ।

४६. येशूमा हामीले, उहाँको अनुग्रहको धनअनुसार उहाँको रगतद्वारा छुटकारा अर्थात् पापहरूको क्षमा पाएका छौं (एफिसी १:७) ।

४७. किनकि जीवधारीको प्राण त्यसको रगतमा छ । मैले रगतचाहिँ वेदीमा तिमीहरूको प्रायश्चित्तको लागि दिएको छु; किनभने त्यसमा प्राण भएको हुनाले रगतद्वारा प्रायश्चित्त गरिन्छ (लेवी १७:११) ।

४८. यसैकारण कोही ख्रीष्टमा छ भने ऊ एउटा नयाँ सृष्टि हो, पुराना कुराहरू बितिगएका छन्; हेर, सबै कुराहरू नयाँ भएका छन् (२कोरन्थी ५:१७) ।

## परमेश्वरको पवित्र आत्मा

४९. प्रभु येशूले आफ्ना चेलाहरूलाई यसो भन्नुभयोः 'म पितालाई प्रार्थना गर्नेछु, र उहाँले अर्को शान्तिदाता, उहाँ सधैंभरि तिमीहरूसँगै रहून् भनेर तिमीहरूलाई दिनुहुनेछ; अर्थात् सत्यको आत्मा, जसलाई संसारले ग्रहण गर्न सक्दैन; किनभने त्यसले न ता उहाँलाई देख्छ, न उहाँलाई चिन्छ । तर

तिमीहरूले उहाँलाई चिन्छौ; किनकि उहाँ तिमीहरूसित रहनुहुन्छ, र तिमीहरूभित्र हुनुहुनेछ (यूहन्ना १४:१६,१७) ।

५०. तर शान्तिदाता, जो पवित्र आत्मा हुनुहुन्छ, जसलाई पिताले मेरो नाममा पठाउनुहुनेछ, उहाँले तिमीहरूलाई सबै कुराहरू सिकाउनुहुनेछ, अनि जे-जे मैले तिमीहरूलाई भनेको छु, तिमीहरूलाई यी सबै कुराहरूको सम्झना गराउनुहुनेछ (यूहन्ना १४:२६) ।

५१. अनि परमेश्वरका पवित्र आत्मालाई शोकित नपार, जसद्वारा तिमीहरू छुटकाराको दिनका निम्ति छाप मारिएका छौ (एफिसी ४:३०) ।

५२. पवित्रआत्माको भरमा हिँड, र तिमीहरूले शरीरको अभिलाष कुनै रीतिले पूरा गर्नेछैनौ (गलाती ५:१६) ।

५३. किनकि जतिजना परमेश्वरका आत्माको अगुवाइमा हिँड्दछन्, तिनीहरू परमेश्वरका पुत्रहरू हुन् (रोमी ८:१४) ।

५४. अनि मद्यपानले नमात, जसमा चरित्रहीनता हुन्छ; तर पवित्र आत्माले भरपूर होओ । आपसमा भजन, स्तुतिगान र आत्मिक गीतहरूद्वारा बात गर, प्रभुका निम्ति आ-आफ्नो हृदयमा गाओ, र भजन गर (एफिसी ५:१८,१९) ।

५५. तर पवित्र आत्माको फल हो: प्रेम, आनन्द, मेलमिलाप, सहनशीलता, कृपा, भलाइ, विश्वास, नम्रता र संयम । यस्ता कुराहरूको विरोधमा कुनै कानुन छैन (गलाती ५:२२,२३) ।

## परमेश्वरका लागि शुद्ध हुनु

५६. किनकि परमेश्वरको इच्छा यही हो - तिमीहरूको पवित्रता; तिमीहरू व्यभिचारबाट अलग बस । प्रभु येशूले आफ्ना चेलाहरूका निम्ति यसरी प्रार्थना गर्नुभयो: हे परमेश्वर पिता, तपाईंको सत्यताद्वारा तिनीहरूलाई पवित्र पार्नुहोस्; तपाईंको वचन सत्य हो (१थेस्सलोनिकी ४:३; यूहन्ना १७:१७) ।

५७. किनकि पवित्र पार्नुहुने परमेश्वर र पवित्र पारिएकाहरू दुवै एउटै मूलका हुन्; यही कारणले प्रभु येशू तिनीहरूलाई भाइ भन्न शर्माउनुहुन्न (हिब्रू २:११) ।

५८. तिमीहरूले आफूलाई पापका निम्ति साँच्चै मरेका, तर हाम्रा प्रभु येशूद्वारा परमेश्वरका निम्ति जिउँदा भएका ठान (रोमी ६:११) ।



५९. तर अब ता पापबाट छुटकारा पाएपछि, र परमेश्वरका दासहरू भएपछि पवित्र जीवन तिमीहरूको फल हो; अनि अन्तचाहिँ अनन्त जीवन हो (रोमी ६:२२) ।

६०. अब शान्तिका परमेश्वर आफैले तिमीहरूलाई पूरा रीतिले पवित्र पारेका होऊन्; अनि तिमीहरूका सम्पूर्ण आत्मा, प्राण र शरीर हाम्रा प्रभु येशू ख्रीष्टको आगमनसम्म दोषरहित अवस्थामा सुरक्षित राखिएका होऊन् । तिमीहरूलाई बोलाउनुहुने विश्वासयोग्य हुनुहुन्छ; उहाँले यसो गर्नुहुनेछ ( १थेस्सलोनिकी ५:२३,२४) ।

६१. के यो तिमीहरूलाई थाहा छैन? अधर्मीहरू परमेश्वरको राज्यका हकवाला हुनेछैनन् । धोखा नखाओ; व्यभिचारीहरू, मूर्तिपूजकहरू, परस्त्रीगामीहरू, पुरूषगामीहरू, चोरहरू, लोभीहरू, मतवालाहरू, गाली बक्नेहरू र धुताहाहरू परमेश्वरका राज्यका हकवाला हुनेछैनन् । अनि तिमीहरूमध्ये कतिजना यस्तै थियौ; तर तिमीहरू धोइएका छौ, तर तिमीहरू पवित्र पारिएका छौ, तर तिमीहरू प्रभु येशूको नाममा र हाम्रा परमेश्वरका आत्माद्वारा धर्मी ठहरिएका छौ (१कोरन्थी ६:९-११) ।

## परमेश्वरसित प्रार्थना गर्नु

६२. प्रभु येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो: 'तिमीहरू ममा रह्यौ र मेरा वचनहरू तिमीहरूमा रहे भने तिमीहरू जे चाहन्छौ, सो माग्नेछौ, र त्यो तिमीहरूका निम्ति गरिनेछ' (यूहन्ना १५:७) ।

६३. दाऊद राजाले भने: 'यदि मैले आफ्नो हृदयमा अधर्मलाई राखें भने प्रभुले मेरो प्रार्थना सुन्नुहुनेछैन' (भजनसंग्रह ६६:१८) ।

६४. सारा प्रार्थना र अन्तर्विन्ती गर्दै हर समय आत्मामा प्रार्थना गर, अनि यसैका निम्ति सारा प्रयत्न गर्दै र सबै पवित्र जनहरूका लागि अन्तर्विन्ती गर्दै जागा रहो (एफिसी ६:१८) ।

६५. प्रभु नजिकै हुनुहुन्छ । कुनै कुराका निम्ति फिक्री नगर, तर हरेक कुरामा धन्यवादसाथ प्रार्थना र विन्तीद्वारा तिमीहरूका मागहरू परमेश्वरकहाँ जाहेर होऊन्; र सारा समझलाई माथ गर्ने परमेश्वरको शान्तिले

तिमीहरूका हृदय र विचारहरूलाई ख्रीष्ट येशूमा रक्षा गर्नेछ (एफिसी ४:६) ।

६६. निरन्तर प्रार्थना गरिरहो (१थेस्सलोनिकी ५:१७) ।

## परमेश्वरको सेवा र संसारमा दुःख

६७. प्रभु येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो: 'कोही मेरो पछि आउन चाहन्छ भने उसले आफैलाई इन्कार गरोस्, आफ्नो क्रूस उठाओस्, र मेरो पछि लागोस् (मत्ती १६:२४) ।

६८. ख्रीष्टको सम्वन्धमा उहाँमाथि विश्वास गर्नु मात्र होइन, तर उहाँका निम्ति दुःख भोग्नलाई पनि तिमीहरूलाई अनुग्रह दिइएको छ (फिलिप्पी १:२९) ।

६९. मेरा प्रिय भाइहरूहो, तिमीहरू स्थिर होओ, अटल होओ, र सधैंभरि प्रभुको काममा प्रशस्त हुँदै जाओ; किनभने तिमीहरूलाई थाहा छ, प्रभुमा तिमीहरूको परिश्रम व्यर्थ हुँदैन (१कोरन्थी १५:५८) ।

७०. प्रभु येशूले आफ्ना चेलाहरूलाई यसो भन्नुभयो: 'तिमीहरूले मलाई चुनेनौ, तर मैले तिमीहरूलाई चुनें, अनि तिमीहरू जाओ र फल फलाओ, र तिमीहरूको फल रहिरहोस् भनी तिमीहरूलाई नियुक्त गरें । ... म तिमीहरूलाई यी कुराहरूको आज्ञा गर्दछु: तिमीहरू एक-अर्कालाई प्रेम गर ।' संसारले तिमीहरूलाई घृणा गर्दछ भने त्यसले तिमीहरूलाई भन्दा पहिले मलाई घृणा गऱ्यो भनी तिमीहरू जान । ... तर तिमीहरू यस संसारका होइनौ, तर मैले तिमीहरूलाई संसारबाट चुनें; यसकारण संसारले तिमीहरूलाई घृणा गर्दछ (यूहन्ना १५:१६-१९)

७१. हे मेरा मित्रहरूहो, म तिमीहरूलाई भन्दछु, तिनीहरूसँग नडराओ, जसले शरीरलाई मार्दछन्, तर त्यसपछि अरू बढ़ी केही गर्न सक्दैनन् , तर तिमीहरूले कोसँग डराउनुपर्छ, म तिमीहरूलाई पहिल्यै चेतावनी दिनेछु: उहाँसँग डराओ, जससँग मरिसकेपछि नरकमा फालिदिने पनि अधिकार छ; हो म तिमीहरूलाई भन्दछु, उहाँसँगै डराओ (मत्ती १०:२८) ।



७२. तर परमेश्वरको इच्छा पालन गरेकोमा तिमीहरूले दुःख भोग्नुपऱ्यो भने पनि तिमीहरू धन्य हौ; तर तिनीहरूका धम्कीसँग नडराओ, न ता विचलित होओ (१पत्रुस ३:१४) ।

७३. तिमीहरू ख्रीष्टको नामको खातिर निन्दित हुन्छौ भने तिमीहरू धन्य हौ; किनभने महिमाका र परमेश्वरका आत्मा तिमीहरूमाथि रहनुहुन्छ; तिनीहरूबाट उहाँको निन्दा भएको छ, तर तिमीहरूबाट उहाँको महिमा भएको छ (१पत्रुस ४:१४)।

७४. परमेश्वर तिमीहरूलाई प्रशस्त गरी सबै अनुग्रह दिन सक्नुहुन्छ; यसैले तिमीहरूसँग सधैं सबै कुरा प्रशस्त हुनेछन्, र तिमीहरू हरेक असल कामको लागि भरपूर हुनेछौ (२कोरन्थी ९:८) ।

## परमेश्वरले मूर्ति पुज्न मनाही गर्नुभएको

७५. परमेश्वरले भन्नुभयो: 'म तिम्रा परमेश्वर हुँ, जसले तिमीलाई मिस्र-देश अर्थात् पापको बन्धनबाट निकालेर ल्याएँ । मेरो सामुन्ने तिमीले अरू कुनै देवता-देवी मान्नुहुँदैन । तिमीले आफ्नो निम्ति खोपेर कुनै किसिमको मूर्ति बनाउनुहुँदैन; माथि आकाश, तल पृथ्वी र पृथ्वीमनि पानीमा भएको कुनै आकारको प्रतिमूर्ति बनाउनुहुँदैन । तिमीले तिनीहरूको सामु निहुरिनुहुँदैन, र तिनीहरूको पूजा गर्नुहुँदैन; किनकि म, परमप्रभु तिम्रा परमेश्वर, डाहा गर्ने परमेश्वर हुँ (प्रस्थान २०:२-५) ।

७६. जाति-जातिका सबै देवताहरू मूर्तिहरू मात्र हुन्; तर परमप्रभुले आकाशलाई सृष्टि गर्नुभयो (१इतिहास १६:२६) ।

७७. परमप्रभु यसो भन्नुहुन्छ: अन्यजातिहरूको चाल नसिक;... किनकि अन्यजातिहरूका रीतिथितिहरू व्यर्थै हुन् । जङ्गलमा एउटा रूख ढालिन्छ, सिकर्मीको हातले बन्चरो चलाएर त्यसमा काम गर्छ । मानिसहरूले त्यसलाई सुन र चाँदीले सिँगार्छन् । त्यो नहल्लिओस् भनेर तिनीहरूले त्यसलाई मार्तोलले र कीला ठोकेर स्थिर पार्दछन् । ती मूर्तिहरू खाँबोजस्तै ठाड़ा छन्; किनकि ती हिँड्न सक्दैनन् । तीदेखि नडराओ; किनकि तिनीहरूले केही खराबी गर्न सक्दैनन्, नता तिनीहरूमा असल गर्ने शक्ति छ ।

हे परमप्रभु, तपाईंजस्तो कोही पनि छैन; तपाईं महान् हुनुहुन्छ । पराक्रममा तपाईंको नाम महान छ । ... परमप्रभु नै सत्य परमेश्वर हुनुहुन्छ; उहाँ जीवित परमेश्वर हुनुहुन्छ; उहाँ अनन्त महाराजा हुनुहुन्छ । उहाँको क्रोधमा पृथ्वी काम्दछ, र अन्यजातिहरू उहाँको क्रोधको खातिर टिक्न सक्दैनन् । तिमीहरूले तिनीहरूलाई यसो भनः 'ती देवताहरू, जसले आकाश र पृथ्वीलाई बनाएनन्, ती पृथ्वीबाट र आकाशमनिबाट नाश हुनेछन् । उहाँले नै पृथ्वीलाई आफ्नै सामर्थ्यले सृष्टि गर्नुभएको छ; उहाँले आफ्नो ज्ञानले संसारलाई स्थापित गर्नुभएको छ, र आफ्नो बुद्धिले आकाशलाई फैलाउनुभएको छ । उहाँको सोरमा आकाशमा पानी जम्मा हुन्छ । उहाँले पृथ्वीको पल्लो देउदेखि कुइरो उठाउनुहुन्छ । उहाँले बर्षाको साथमा बिजुली चम्काउनुहुन्छ, र आफ्ना भण्डारबाट बतास निकाल्नुहुन्छ । हरेक मानिस आफ्नो ज्ञानमा मूर्ख छ; हेरक सुनार त्यसका मूर्तिहरूको खातिर लाजमा पर्नेछ; किनभने त्यसका मूर्तिहरू झूटा हुन्, र तिनीहरूमा सास छैन । ती व्यर्थका हुन्; छलका काम मात्र । तिनीहरूलाई दण्ड दिँदा ती नष्ट हुनेछन्' (यर्मिया १०:२-१५) ।

७८. हामी जान्दछौं, यस संसारका मूर्तिहरू केही पनि होइनन्; एकमात्र परमेश्वर हुनुहुन्छ; अरू कुनै ईश्वर छैन (१कोरन्थी ८:४) ।

७९. हाम्रा निम्ति चाहिँ एकमात्र परमेश्वर पिता हुनुहुन्छ; उहाँबाट सबै कुराहरू भएका छन्, अनि हामी उहाँमा छौं; अनि एकमात्र प्रभु येशू खीष्ट हुनुहुन्छ; उहाँद्वारा सबै कुराहरू भएका हुन्, अनि हामी उहाँद्वारा नै हौं (१कोरन्थी ८:६) ।

८०. स्वर्गमा गवाही दिनुहुने तीनजना हुनुहुन्छ - पिता, वचन र पवित्र आत्मा; अनि यी तीनजना एकै हुनुहुन्छ । अनि पृथ्वीमा गवाही दिनुहुने तीनजना हुनुहुन्छ - आत्मा, पानी र रगत; अनि यी तीन एउटै कुरामा सहमत हुनुहुन्छ (१यूहन्ना ५:७,८) ।

८१. पृथ्वीमाथि भएका तिमीहरूका अङ्गहरूलाई - व्यभिचार, अशुद्धता, प्रबल वासना, कुइच्छा, साथै लोभ, जोचाहिँ मूर्तिपूजा हो । यी कुराहरूकै कारणले गर्दा आज्ञा नमान्ने सन्तानहरूमाथि परमेश्वरको क्रोध आइपर्छ (कलस्सी ३:५,६) ।



## हामीलाई बचाउने परमेश्वरको उपायलाई हामीले वास्ता नगरेर त्यागनु डरलागदो कुरा हो भन्ने चेतावनी

८२. यदि हामीले यति ठूलो मुक्तिको वास्ता गरेनौ भने हामी कसरी उम्कन्छौं त ? (हिब्रू२:३)

८३. जसले परमेश्वरका पुत्र प्रभु येशूमाथि विश्वास गर्दछ, ऊसँग अनन्त जीवन हुन्छ; अनि जसले उहाँलाई विश्वास गर्दैन, त्यसले जीवन देख्नेछैन; तर परमेश्वरको क्रोध त्यसमाथि रहन्छ (यूहन्ना ३:३६) ।

८४. प्रभु येशूले भन्नुभयो: 'जसले जय पाउँछ, ऊ सबै कुराहरूको हकदार हुनेछ; अनि म उसको परमेश्वर हुनेछु, अनि उही मेरो छोरो हुनेछ । तर डराउनेहरू, विश्वास नगर्नेहरू, घिनलाग्दाहरू, हत्याराहरू व्यभिचारीहरू, टुनामुना गर्नेहरू, मूर्तिपूजा गर्नेहरू र सबै झूट बोल्नेहरूको भागचाहिँ आगो र गन्धकले जलिरहेको तालभित्र हुनेछ; यो दोस्रो मृत्यु हो' (प्रकाश २१:७, ८) ।

## पाप र शैतानबाट बाँच्नु

८५. शान्तिका परमेश्वरले चाँडै शैतानलाई तिमीहरूका पाउमनि कुल्चाउनुहुनेछ । हाम्रा प्रभु येशू खीष्टको अनुग्रह तिमीहरूसँग रहोस् (रोमी १६:२०) ।

८६. परमेश्वर पिताले हामीलाई अन्धकारको शक्तिबाट छुटकारा दिनुभएको छ र आफ्नो प्रिय पुत्र येशू खीष्टको राज्यभित्र सार्नुभएको छ (कलस्सी १:१३) ।

८७. शैतानका कामहरू नष्ट पार्नालाई नै परमेश्वरका पुत्र येशू प्रकट हुनुभएको छ (१यूहन्ना ३:८) ।

८८. हाम्रा परमेश्वर पिताको इच्छाअनुसार यस वर्तमान दुष्ट संसारबाट हामीलाई छुटकारा दिनाका लागि प्रभु येशूले आफैलाई हाम्रा पापहरूका निम्ति दिइहाल्नुभयो; उहाँलाई नै सदा-सर्वदा महिमा भइरहोस् आमेन् (गलाती १:४,५) ।

८९. शैतानका धूर्त युक्तिहरूका विरोधमा खड़ा हुन सक्नालाई परमेश्वरका सारा हतियारहरू धारण गर । यसकारण खराब दिनमा सामना गर्न सक्नालाई र सबै कुराहरू गरेर खड़ा हुन सक्नालाई परमेश्वरका सारा हतियारहरू उठाओ (एफेसी ६:११, १३) ।

९०. परमेश्वरलाई धन्यवाद होस्, जसले हाम्रा प्रभु येशू खीष्टद्वारा हामीलाई विजय दिनुहुन्छ (१कोरन्थी १५:५७) ।

९१. हामी यी कुराहरूको विषयमा के भनौं त ? परमेश्वर हाम्रो पक्षमा हुनुहुन्छ भने हाम्रो विरोधमा को उठ्न सक्छ र ? (रोमी ८:३१) ।

९२. किनकि मलाई पूरा निश्चयता भएको छ - न मृत्युले, न जीवनले, न स्वर्गदूतहरूले, न प्रधानताहरूले, न अधिकारहरूले, न अहिलेका कुराहरूले, न पछि आउने कुराहरूले न उचाइले, न गहिराइले, न अरू कुनै सृष्टिले नै हामीलाई हाम्रा प्रभु खीष्ट येशूमा भएको परमेश्वरको प्रेमदखि अलग पार्न सक्नेछ (रोमी ८:३८, ३९) ।

## प्रभु येशू यस संसारमा फेरि आउनुहुनेछ

९३. प्रभु येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो: 'मैले गएर तिमीहरूका निम्ति ठाउँ तयार पारें भने म फेरि आउनेछु, त्यहाँ तिमीहरू पनि होओ भनेर म तिमीहरूलाई आफूकहाँ लानेछु' (यूहन्ना १४:३) ।

९४. अनि स्वर्गदूतहरूले भनेः ' हे गालीलका मानिसहरू हो, तिमीहरू किन आकाशतिर हेर्दै उभिँदछौ ? तिमीहरूको बीचबाट स्वर्गमा उठाइनुहुने यही येशू नै, जसरी तिमीहरूले उहाँलाई स्वर्गतिर जाँदै गर्नुभएको देख्यौ, त्यही प्रकारले फेरि आउनुहुनेछ' (प्रेरित १:११) ।

९५. प्रभु आफै चीत्कारसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरको तुरहीसित स्वर्गबाट ओर्लनुहुनेछ; अनि खीष्टमा मरेकाहरू पहिले बौरेर उठ्नेछन्; त्यसपछि हामी जीवित र रहिरहेकाहरू हावामा प्रभुलाई भेट्नाका निम्ति उनीहरूसित एकसाथ बादलहरूमा उठाइनेछौं; अनि यसरी हामी सधैं प्रभुको साथमा रहनेछौं (१थेस्सलोनिकी ४:१६, १७) ।

९६. प्रियहरूहो, अहिले ता हामी परमेश्वरका सन्तान छौं, अनि हामी के हुनेछौं, सो अहिलेसम्म प्रकट भएको छैन; तर हामी जान्दछौं, जब उहाँ देखा पर्नुहुनेछ, तब हामी उहाँजस्तै हुनेछौं; किनकि हामी उहाँलाई, उहाँ जस्तो हुनुहुन्छ, त्यस्तै देख्नेछौं (१यूहन्ना ३:२) ।

९७. यसकारण जागा रहो; किनभने तिमीहरूका प्रभु कुन घड़ी आउनुहुन्छ, सो तिमीहरू जान्दैनौ । यसकारण तिमीहरू पनि तयार बस; किनभने मानिसका पुत्र येशू तिमीहरूले सोच्दै नसोचेको घड़ीमा आउनुहुनेछ (मत्ती २४:४२,४४) ।



९८. प्रभु येशूले भन्नुभयोः 'अनि हेर, म चाँड़ै आउँछु; अनि हरेक मानिसलाई जस्तो उसको काम हुनेछ, त्यही अनुसार दिन मेरो इनाम मसित छ' ( प्रकाश २:१२) ।

९९. मृत्युसम्म विश्वासयोग्य रह; तब म तिमीलाई जीवनको मुकुट दिनेछु ( प्रकाश २:१०) ।

१००यी कुराहरूको गवाही दिनुहुनेले भन्नुहुन्छः 'साँच्ची नै म चाँड़ै आउँछु', 'आमेन ज्यू, आउनुहोस् हे प्रभु येशू' (प्रकाश २२:२०) ।